### ३. (मोहीलागेको जग्गा बाँडफाँडका लागि जग्गावालाले दिने निवेदनको ढाँचा)

श्रीमान् भूमिसुधार अधिकारीज्यू,
भूमिसुधार कार्यालय, .............................. ।

**विषय : मोही लागेको जग्गाको नरम करम मिलाई जग्गा बाँडफाँड गरी पाऊँ ।**

महोदय,

उपर्युक्त सम्बन्धमा म/हामी निवेदक .......................................... को नाममा मालपोत कार्यालय ........................ मा जग्गाधनी दर्ता श्रेस्ता कायम भएको देहाय बमोजिमको जग्गामा देहाय बमोजिमको व्यक्तिको मोहीयानी हक कायम भएकोमा म जग्गावाला र मोहीको बीचमा आपसी सहमतिको आधारमा जग्गा बाँडफाँड गरी मोहीको लगत कट्टा गर्नको लागि भूमिसुधार कर्यालयमा गई संयुक्त निवेदन दिउँ भनी निजसँग सरसल्लाह गर्दा आपसी सहमति हुन नसकेको र भूमि सम्बन्धी ऐन, २०२१ को दफा २६गबमोजिम संयुक्त निवेदन दिन समेत इन्कार गरेकोले बाँडफाँड गरी मोहीको लगत समेत कट्टा गरी पाउनका लागि देहाय बमोजिमका कागजातहरु संलग्न राखी रु. .........।- को टिकट टाँसी भूमिसम्बन्धी ऐन, २०२१ को दफा २६घ र २६घ१ तथा भूमिसम्बन्धी नियमहरु, २०२१ को नियम नियम २४ख को उपनियम (१) बमोजिम यो निवेदन पेश गरेको छु । निज मोहीलाई यसै कार्यालयबाट झिकाई स्थलगत निरीक्षण लगायत आवश्यक प्रमाणहरु जो बुझ्नु पर्ने बुझी देहाय बमोजिमका प्रमाण कागजात समेतको आधारमा नरमकरम मिलाई जग्गामा जान आउनका लागि बाटो समेत खोली आधा-आधा जग्गा नै जग्गावाला/मोहीको भागमा पर्ने गरी/निज मोही यस कार्यालयमा उपस्थित भई छलफल गर्दा कुनै सहमति हुन सकेमा सोही बमोजिम जग्गाको बाँडफाँड गर्ने गरी/सो जग्गा बाँडफाँड गर्दा तोकिएको न्यूनतम क्षेत्रफल भन्दा कम क्षेत्रफल हुन जाने भएकोले घर बनाउन कम जग्गा हुने हुँदा वा जग्गा नभएको म जग्गावाला/मोहीको नाममा पुरै जग्गा कायम गर्ने तथा म जग्गाधनी/मोहीले प्राप्त गर्ने आधा जग्गा वापत प्रचलित दरभाउका दरले हुन आउने मूल्य म जग्गावाला/निज मोहीले पाउने गरी/सो जग्गामा मोहीले घर बनाई बसोबास गरी आएकोले बाँडफाँड गर्न नमिल्ने हुँदा मैले प्राप्त गर्ने आधा जग्गा वापत प्रचलित दरभाउका दरले हुन आउने मूल्य रु. ....................।- मलाई बुझाउने गरी पुरै जग्गा निज मोहीको नाममा कायम गर्ने गरी लेखिए बमोजिम संलग्न कागजात एवं भूमिसम्बन्धी ऐन, २०२१ को दफा २६घ, २६ङ तथा भूमि सम्बन्धी नियमहरु, २०२१ को नियम २४ख को उपनियम (२), नियम २४ग, २४घ, २४ङ र २४च बमोजिम बाँडफाँड गरी मोहीको लगत समेत कट्टा गरी सो अनुसार दाखिल खारेज/श्रेस्ता मिलानका लागि मालपोत कार्यालय, .................................... लाई विवरण समेत उपलब्ध गराई पाऊँ ।

लेखिएको व्यहोरा ठीक साँचो हो, फरक ठहरे कानून बमोजिम सहुँला बुझाउँला ।

१. जग्गाको विवरण

| जिल्ला | गा.पा./न.पा. | वडा नं. | सिट नं. | कि.नं. | क्षेत्रफल | किसिम/खण्ड | मोहीको नाम | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |

२. जग्गावालाको विवरण

| जग्गावालाको नाम, थर | ठेगाना | बाबु/पतिको नाम | बाजे/ससुराको नाम | नागरिकता नं./कार्यालय र मिति | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |

३. मोहीको विवरण

| निवेदकको नाम, थर | ठेगाना | बाबु/पतिको नाम | बाजे/ससुराको नाम | नागरिकता नं., मिति र कार्यालय | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |

४. निवेदकको विवरण

| निवेदकको नाम, थर | ठेगाना | बाबु/पतिको नाम | बाजे/ससुराको नाम | नागरिकता नं./कार्यालय र मिति | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |

**संलग्न कागजातहरु :**

(.....) १. नागरिकताको प्रमाणपत्रको प्रतिलिपि थान ........................................................................१
(.....) २. जग्गाधनी दर्ता प्रमाण पूर्जाको प्रतिलिपि थान ...................................................................१
(.....) ३. चालु आ.व. ............................... को मालपोत बुझाएको रसिदको प्रतिलिपि थान ..........................१
(.....) ४. जग्गा स्पष्ट हुने ब्लू प्रिन्ट नक्सा/नक्सा ट्रेशको प्रमाणित प्रतिलिपि थान.......................................१
(.....) ५. अन्य प्रमाण .........................................................................................................

**निवेदक**

हस्ताक्षर :
नाम, थर र वर्ष :
ठेगाना :

इति सम्वत् २०.......... साल ............ महिना .......... गते रोज ...... शुभम् ..........................................

**नोट** : संलग्न कागजात अन्तर्गत निवेदन साथ पेश भएको कागजकोथानको हकमा कति पाना हुन्छ, सो को संख्या लेख्ने र शुरु भागमा राखिएको ( ) मा पेश भएको कागजको हकमा✓र कागज पेश नभएको हकमा ✗लगाउनु पर्नेछ ।



यो निवेदन म आफैले/निवेदकले भने बमोजिम तयार गरेको हो भनी सही गर्ने निवेदक ....................... /व.अधिवक्ता/अधिवक्ता/अभिकर्ता/लेखापढी व्यवसायी/ ............................ प्र.प.नं. ............................